

REUTERS/SHRUTI SHRESTHA

माघी पर्वका अवसरमा काठमाडौँमा नाचगान गर्दै मगर युवा । मगर समुदाय नेपालको कुल जनसङ्ख्याको सात प्रतिशत जनसङ्ख्या भएको एक ठूलो आदिवासी/जनजाति समूह हो ।

# नेपालको सङ्घीय नक्सा कोर्दा

## समावेशी लोकतन्त्र र एकाइहरूको अधिकारमा सहमति आवश्यक छ ।

**निकोल तपरविन**

नेपालको अन्तरिम संविधानमा स्पष्टसँगै भनिएको छः "नेपालमा सङ्घीय शासन प्रणाली हुनेछ" । संविधानमा लेखिएका यी शब्दहरूलाई जीवन दिने अर्थात्, यथार्थमा लैजाने दायित्व अब संविधानसभाको रहेको छ ।

नेपालमा सङ्घीयताको बहस निकै तातेको छ । सङ्घीयताको बहसमा सबैभन्दा कठिन प्रश्नहरु दुईओटा छन्- "नेपालमा सङ्घीयताको आधार के हुने ?" र "के नेपालले जातीय सङ्घीयता अपनाउनुपर्दछ वा जातीय सङ्घीयताको चयन खतराको स्पष्ट सूचक हो ?"

भौगोलिक व्यवस्थापनका आधारमा हालको जस्तो नक्सा कोर्न सजिलो छ । प्रशासनिक उद्देश्यहरूका लागि नेपाललाई स्थानीय स्तरमा करिब ४००० गाउँ विकास समिति (गाविस) र नगरपालिका तथा ७५ जिल्ला, १४ अञ्चल र ५ क्षेत्रमा विभाजन गरिएको छ । राष्ट्रिय कानुनले गाविस र नगरपालिकालाई केही हदसम्म अधिकार निक्षेपण गर्ने उद्देश्य राखे तापनि वास्तविक विकेन्द्रीकरण पूर्ण रूपमा कहिलै कार्यान्वयन भएन । नेपाल अत्यधिक केन्द्रीकृत राज्यका रूपमा रहिआएको छ । सङ्घीयताले यसलाई परिवर्तन गर्नेछ ।

अब प्रश्नहरु झन् जटिल हुँदै गइरहेका छन् । आगामी महिना संविधानसभाले नयाँ र मध्यमखालको सरकार गठन गर्ने भन्ने अनुमान रहेको छ । अझै पनि के स्पष्ट छैन भने नयाँ बन्ने सङ्घीय एकाइलाई के भनिनेछ ? सङ्घीय एकाइलाई जनाउन नेपालमा हाल *एकाइ* र *राज्य*को प्रयोग धेरै भएको देखिन्छ । सङ्घीयताको स्थापनाबाट भोलि बन्ने विभिन्न सङ्घीय एकाइहरूले शक्ति र स्रोत प्राप्त गर्नेछन् भने यसका अतिरिक्त उनीहरूको केन्द्रमा विशेष प्रतिनिधित्व पनि कायम हुनेछ ।

राजनीतिक दल, नागरिक समाजका अगुवा, विज्ञ वा आमसमुदायबीच हुने सङ्घीयतासम्बन्धी

**निकोल तपरविन** फोरम अफ फेडेरेसन्सका लागि विज्ञका रूपमा कार्यरत हुनुहुन्छ । उहाँ सन् २००६ देखि नेपालमा स्वीस डिपार्टमेन्ट अफ फरेन अफेयर्सको शान्तिनिर्माणसम्बन्धी गतिविधिमा संलग्न हुनुहुन्छ ।

कुनै पनि छलफलमा निम्न प्रश्नहरु अनिवार्य आउने गरेका छन् ।

- नेपालमा सङ्घीयताको आधार के हुने ?
- एकाइहरु कसरी निर्माण हुने ?
- के एकाइहरूको सीमा आधारभूत रूपमा जातीय आधारमा बन्नेछ ?
- के यसको सट्टा आर्थिक सक्षमता र प्राकृतिक स्रोतको उपलब्धतालाई आधार मान्न सकिएला ?

राजनीतिक दल तथा विद्वान्हरूले नेपालका लागि एकाइका सीमाहरु देखाउने विभिन्न नक्साहरु प्रस्ताव गरेका छन् । हाल १५ भन्दा बढी विविध सङ्घीय स्वरूपका नक्साहरु बजारमा ल्याइएका छन् र यी नक्साहरूले सङ्घीयताका विषयमा पृथक् दृष्टिकोणहरु विद्यमान रहेको देखाउँछन् ।

**जातीय पहिचानहरूको संरक्षण**

एकाइहरु कसरी बनाउने भन्ने सोचाइमा रहेको भिन्नता बुझ्नका लागि नेपालमा सङ्घीयताको प्रस्ताव किन गरिएको हो भन्ने विषयलाई गहिरिएर हेर्न आवश्यक छ । यससम्बन्धी साधरणतया दुई तर्कहरु अघि सारिएका छन् । एकातर्फ सङ्घीयताको औचित्यलाई स्वशासन र प्रतिनिधित्व (सत्ता साझेदारी)मा सुधार गरेर सुविधाबाट वञ्चित समूह र क्षेत्रहरूको सीमान्तीकरणलाई अन्त्य गर्ने माध्यमका रूपमा प्रस्तुत गरिएको छ । विशेष गरी तराईका मधेसी समुदायहरु र माओवादीले सीमान्तीकरणको अन्त्यका लागि सङ्घीयताको वकालत गरेको देखिन्छ । त्यसैगरी मुलुकभर लोकतन्त्रीकरणको प्रक्रियालाई विस्तार गर्न र आर्थिक विकासलाई बल पुऱ्याउने उद्देश्यका आधारमा पनि सङ्घीयताको औचित्य पुष्टि गर्ने गरिएको पाइन्छ । सीमान्तीकरणको अन्त्य र आर्थिक विकाससम्बन्धी दुवै चासोहरु उत्तिकै सही छन् र यसमा अधिकांश पक्ष र अभियन्ताहरूले जोड दिएको पनि देखिन्छ । यी दुवै चासोहरूले मुलुकलाई सुदृढ बनाउने उद्देश्य राखेका छन् । यसो भए तापनि यी दुई उद्देश्यहरु कसरी प्राप्त गर्ने र यिनको प्राथमिकता कसरी निर्धारण गर्ने भन्ने सम्बन्धमा आपसी सहमति छैन ।

जसले विभिन्न समूहको पहिचानको संरक्षण गर्ने र सीमान्तीकरणको अन्त्य गर्ने साधनका




काठमाडौँबाट झन्डै १५० किलोमिटरको दूरीमा रहेको चितवन जिल्लामा तोरीबारीमा हिँड्दै गरेका स्थानीय मानिसहरु । चितवन नेपालको सबैभन्दा बढी तोरी उत्पादन गर्ने जिल्ला हो ।

रूपमा सङ्घीयताको औचित्य देखाएका छन् उनीहरूले जातीय र क्षेत्रीय हैसियतलाई आत्मसात गर्ने खालको सङ्घीयताको वकालत गर्ने गरेका छन् । एकाइहरूको निर्माण गर्दा जातीय र भाषिक समूहको वास्तविक वा परम्परागत बसोबासका अवस्थामा (सम्पूर्ण रूपमा नभए पनि आधारभूत रूपमा) जोड दिइनुपर्छ भन्ने उनीहरूको सुझाउ रहेको छ । आदिवासी समूहहरु र माओवादीका प्रभावशाली नेताहरूले विविध समूहहरूबीच एकता र सद्भाव कायम गर्नका लागि जातीयतालाई ध्यान दिने खालको सङ्घीयताको स्वरूपलाई रूचाएको देखिन्छ । तराई/मधेसका क्षेत्रीय राजनीतिक दलहरूको एकाइ निर्माण गर्ने सम्बन्धमा आफ्नो छुट्टै धारणा रहेको छ । उनीहरूको पूर्व तराईदेखि पश्चिमसम्मको १००० किलोमिटरको समथल भूभागलाई एउटा एकाइ बनाइनुपर्दछ भन्ने माग छ । सम्पूर्ण मधेसीहरूलाई एक एकाइमा एकताबद्ध गर्न सकिएमा अर्को समूहको आधिपत्यको अन्त्य सुनिश्चित हुने मधेसी नेताहरूको तर्क छ ।

**के जातीयता तथा आर्थिक आधारमा एकाइहरू निर्माण गर्न सकिएला ?**

जनजाति र मधेसी समुदायका प्रस्तावको विरोध गर्ने समूहहरूको तर्क छ यस्ता धारणाले राष्ट्रिय एकता कमजोर बनाउँछ । एकजना राजनीतिक नेताले भनेका छन्, "जातीय आधारमा बनेको सङ्घीय संरचनाले अन्ततः देशमा गृहयुद्ध निम्त्याउँछ ।" तिनीहरूले अर्को चुनौती पनि देखाएका छन् । नेपालमा करिब १०० जातीय समूह र ६० भन्दाबढी भाषिक समूहहरु रहेका छन् । त्यसैगरी बसोबासको अवस्था पनि उत्तिकै जटिल छ । थोरै जिल्लाहरूमा मात्र कुनै एक समूहको जनसङ्ख्या ५० प्रतिशतभन्दामाथि छ । सन् २००१ को जनगणनाको तथ्याङ्कका अनुसार बाँकी धेरै जिल्लाहरूमा कुनै समूहको पनि स्पष्ट बहुमत छैन । तसर्थ, नेपालका जातीय समूहहरूले एकाइसरहको हैसियत नपाएसम्म १०० एकाइ बनाए पनि नेपालमा विशुद्ध जातीयतामा आधारित सङ्घीयता बनाउन सकिँदैन । क्षेत्रीय आधारमा परिभाषित कुनै पनि एकाइमा विभिन्न जातिहरूको मिश्रित बसोबास नै हुनेछ । जातीय आधारमा एकाइ बन्ने कुरासँग सम्बन्धित चिन्ता के हो भने यसले केही निश्चित जातिहरूको स्तरलाई उकास्ने छ र उनीहरूले आफूलाई प्राप्त भएको नयाँ शक्ति त्यही एकाइमा रहेको अर्को समूहलाई दबाउनका लागि प्रयोग गर्नेछन् ।

कुनै समूहको अधिकारको संरक्षण गर्नका लागि एकाइमा पूर्ण वा तुलनात्मक रूपमा बहुमत हुने समूहको नियन्त्रण हुनुपर्दछ भन्ने मान्यता हाल नेपालमा क्रमशः विस्तार हुँदै गएको पाइन्छ । उदाहरणका लागि यही तर्कलाई पछ्याउँदै दक्षिणमा थारु समूहले आफ्ना लागि अलग्गै प्रदेशको माग गरेका छन् । एकाइको निर्माणका लागि जातीय पहिचानलाई आधार बनाइनुपर्ने वर्तमानको बहसका कारण अर्को समूहको आधिपत्य भएमा विभिन्न समुदायहरूमा आफू अल्पसङ्ख्यक समूहका रूपमा मात्र

सीमित हुने भय उत्पन्न भएकाले उनीहरु क्रमशः परिचालित हुँदै गएको देखिन्छ । आधिपत्य जमाएका समूहको नाममा एकाइको नाम राख्ने प्रस्तावले अन्य समूहहरूमा चिन्ता बढाएको छ ।

अर्को अवधारणाले विकास र स्रोतको समतामूलक बाँडफाँडमा जोड दिन्छ । कसैले उत्तरबाट दक्षिण बग्ने प्रमुख नदीलाई आधार मानी हिमाल, पहाड र तराई समेटी एकाइ बनाइनुपर्ने प्रस्ताव गरेका छन् । यो प्रस्ताव केही हदसम्म हाल विद्यमान अञ्चल र विकास क्षेत्रहरूको विभाजनमा आधारित छ । यस प्रकारको प्रस्तावका समर्थकहरूको तर्क छः एकाइहरु उत्तरबाट सुरु भएर दक्षिणमा अन्त्य भएमा समान प्रकृतिका आर्थिक क्षेत्रहरूको निर्माण गर्न सकिन्छ । उनीहरूका विचारमा यस्तो व्यवस्थाले सबैका लागि आर्थिक विकासलाई सुनिश्चित गर्न सक्छ भने पहाड, हिमाल र तराई एकअर्काबीच अन्तर्सम्बन्धित भएकाले तिनीहरूलाई विभाजन गरिएमा विकासमा विभिन्न अवरोधहरु खडा हुन्छन् र एकाइहरूबीच द्वन्द्व उत्पन्न हुन सक्छ, जस्तै पानीमाथिको विवाद ।

यसो भए तापनि एकाइ विभाजनको उत्तर-दक्षिण प्रस्तावका समर्थकहरु नेपालको शासन प्रणालीमा परिवर्तन ल्याउने कुरामा गम्भीर नभएको तथा एकाइ संरचनाको यस्तो प्रस्तावले अभिजात वर्गको शासन र सीमान्तीकरणलाई निरन्तरता दिन्छ भन्ने भय अरूहरूमा रहेको छ । त्यसैले, उत्तर-दक्षिण प्रस्तावले प्रशस्तै विरोधको सामना गर्नुपर्ने सम्भावना प्रस्ट देखिन्छ । यसका अतिरिक्त, यस्तो प्रस्ताव कार्यान्वयन भएमा एकाइहरूबीच स्रोतको बाँडफाँडका विषयमा हुने द्वन्द्व सीमित गर्न सकिए तापनि यसबाट उही एकाइभित्र स्रोतका लागि द्वन्द्व हुन सक्ने सम्भावना नकार्न सकिँदैन ।

### मिश्रित मोडलको मस्यौदा

सबै अवधारणाका आफ्नै गुणहरु छन् र यी अवधारणाहरु संवेदनशील विषय र द्वन्द्वका आधारभूत कारणलाई सम्बोधन गर्नका लागि नै ल्याइएका हुन् । यसो भए तापनि यी अवधारणाहरूले नयाँ खालका चिन्ता र चासोहरु बढाएका छन्, जसलाई गम्भीर रूपमा लिनुपर्छ । यी विविध मान्यताहरूलाई कसरी एकअर्कासँग मिलाउने ? दुर्भाग्यवश कानुन र अन्तर्राष्ट्रिय अनुभवहरूले एकाइहरूको स्थापना गर्नका लागि सजिलै नक्कल गर्न सकिने स्वरूप वा मार्गनिर्देशन प्रदान गर्दैनन् । अन्तर्राष्ट्रिय वा राष्ट्रिय विज्ञहरूबीच सङ्घीयताको सबैभन्दा उचित आधार के हो वा हुन सक्ला भन्ने विषयमा सहमति छैन । अन्त्यमा, राजनीतिक पक्षहरूले आफूले प्रस्ताव गरेको सङ्घीय प्रणालीले प्रमुख चासोका विषयहरूलाई सम्बोधन गर्नेछ, विद्यमान भेदभावको संरचनाको अन्त्य गर्नेछ र जित्ने र हार्ने नयाँ समूहहरूको सृजना गर्नेछैन भन्ने कुरामा आफ्ना प्रस्तावका विरोधी र आमजनतालाई आश्वस्त पार्न सक्नुपर्छ ।

तुलनात्मक अनुभवले के देखाएको छ भने एकाइका सीमारेखाले मात्र एकाइभित्रका जनताले त्यो एकाइ स्वीकार गरेका छन्छैनन् भन्ने निर्धारण गर्दैनन्, यसका लागि अन्य तत्त्वहरु पनि छन् । सङ्घीयताका विभिन्न मान्यतालाई मिलाउन त्यस्तो आपसी सहमति चाहिन्छ जसले सङ्घीयताका आधारमा केन्द्रित हुनेभन्दा सङ्घीयतालाई समावेशीकरण र आर्थिक विकाससँग जोड्दै एकाइहरु जुनसुकै आधारमा बने पनि व्यक्ति वा समूहका प्रमुख सरोकारहरु सम्बोधन हुनेछन् भन्ने कुरामा सबैलाई आश्वस्त पार्न सक्छ । यस्तो पूर्वसहमतिले एकाइको सीमा निर्धारण गर्ने बाटोलाई सहज गर्नेछ ।

### सीमान्तीकरणको अन्त्य

केन्द्रीय सरकारले अल्पमतको अधिकारको संरक्षण गरेमा र सरकारका अङ्ग र शासनसंरचनाको सबै तह समावेशी भएको सुनिश्चित गर्न सकेमा पनि सीमान्तीकरणको समस्यालाई सम्बोधन गर्न सकिन्छ । एकाइको स्तरमा पनि गर्न सकिने यस्तो सुनिश्चितताको उदाहरणका रूपमा समानुपातिक प्रतिनिधित्व, आरक्षित सिट, कमजोर समूहहरूको हितका लागि सकारात्मक विभेद र विभिन्न समूहहरूको उत्थानका लागि केन्द्रद्वारा निर्धारित नीति तथा आधारभूत स्तरलाई लिन सकिन्छ । आवश्यकताअनुसार, पहिचान समूहहरूलाई संस्कृति, शिक्षा आदि क्षेत्रमा विशेष अधिकार प्रदान गर्न सकिन्छ । एकाइका सीमाहरूका बीचमा अन्तर-एकाइ सहयोग र सहकारिताको सम्भावना सुनिश्चित गर्न सकिएमा पनि विभिन्न समुदायहरु आफ्ना अधिकारहरूप्रति बढी आश्वस्त हुन सक्छन् ।

आर्थिक विकास अभिवृद्धि गर्नका लागि समग्र मुलुकका लागि विकास रणनीति जारी गर्न सकिन्छ । यसका लागि एकाइहरूबीच आपसी सहयोग र स्रोतको बाँडफाँडलाई प्रोत्साहन गर्ने वा बाध्यात्मक बनाउने नीति तय गर्न सकिन्छ । एकाइहरूबीच रहेको असमानताको अन्त्यका लागि वित्तीय समानताको कार्यक्रम लागु गर्न सकिन्छ । अन्त्यमा, एकाइभित्र वा एकाइहरूबीच विवाद समाधान गर्ने संयन्त्र तयार गर्न सकिन्छ ।

आन्तरिक वा एकाइका सिमानाहरूका विषयमा सहमति खोज्ने काम नीतिनिर्माताहरूले सम्पन्न गर्नुपर्ने सबैभन्दा कठिन काम हो । यसका लागि जनसङ्ख्या तथा साधनस्रोतको भरपर्दो तथ्याङ्क महत्त्वपूर्ण र सहयोगी हुन सक्छ । यसो भए तापनि सिमानाहरु अन्ततोगत्वा गणितीय आधारमा निर्माण गरिँदैनन् । निर्णयकर्ताहरुले हरेक एकाइका आमनागरिकलाई तर्कसहित सम्बन्धित एकाइभित्र उनीहरूको बसोबास वा अस्तित्व खतरामुक्त र उचित छ भन्ने कुरामा आश्वस्त पार्न सक्नुपर्छ । यस्ता तर्कहरूको पहिचान गर्ने काम सीमानाहरूका विषयमा सहमति जुटाउने कामभन्दा बढी महत्त्वपूर्ण छ । एउटा कुराले यस कार्यलाई सहज बनाउन सक्छः नेपालका सबै राजनीतिक शक्तिहरु एक सबल र सक्षम नेपाल चाहान्छन् जुन सबै समूह वा नागरिकको साझा होस् र जसले सबैलाई विकासका अवसरहरु प्रदान गरोस् ।